दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७२ | बुटवल | २०८३ असार ११ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday Jun 26, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



मौसमजन्य भाइरलबाट सुरक्षित बनौं ।

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
-नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
-भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं ।
- स्वच्छ पानी र ताजा पोषणयुक्त खाना सेवन गरौं ।
-खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं ।
-घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं ।
-ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं, चिकित्सकको सल्लाह विना औषधि सेवन नगरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## पौडेललाई थुनामुक्त गर्न माग



बुटवल । आफ्नो पति विष्णु पौडेललाई गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राखिएको भन्दै दोमाया पौडेल सर्वोच्च अदालत पुगेकी छन् । उनले पक्राउ गैरकानुनी भएको दाबीसहित पौडेललाई थुनामुक्त गर्न आदेशको माग गरेकी हुन् ।

रिट निवेदक पौडेलले विशेष अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र सुर्खेत प्रहरीलाई विपक्षी बनाएकी छन् । निवेदनमाथि बिहीबार सर्वोच्च अदालतमा प्रारम्भिक सुनुवाइ हुनेछ ।

विशेष अदालतले मंगलबार पौडेललाई ७ दिन थुनामा राखेर अनुसन्धान गर्न विभागलाई अनुमति दिएको थियो । पूर्व उपप्रधान एवं अर्थमन्त्री समेत रहेका पौडेललाई सोमबार सुर्खेतबाट पक्राउ गरिएको थियो । उनलाई राति नै स्थलमार्गबाट काठमाडौं ल्याएर मंगलबार अदालत उपस्थित गराइएको थियो ।

## भूमि समस्या समाधान गर्न रूपन्देहीका सिडिओलाई बुझाइयो १० बुँदे माग



बुटवल । भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संरक्षण समितिले रुपन्देहीका प्रमुख जिल्ला अधिकारीलाई १० बुँदे माग पेश गरेको छ । समितिका अध्यक्ष खगेन्द्र पौडेल र सचिव राजकुमार भट्टराईद्वारा हस्ताक्षरित माग पत्र प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याललाई बुझाइएको हो ।

वर्तमान सरकारले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भूमि समस्या समाधान समिति गठन गरेको छ । ज्ञापनपत्रमा रुपन्देही जिल्लामा एक लाखभन्दा बढी भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासी परिवार रहेको उल्लेख गर्दै ती नागरिकहरूको भविष्य, उनीहरूको सुरक्षित बसोबास र जग्गाको स्वामित्व सुनिश्चित गर्ने ऐतिहासिक जिम्मेवारी सिडिओ नेतृत्वको समितिको काँधमा आएको उल्लेख गर्दै समितिको कामलाई सफल बनाउन संरक्षण समितिले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न सधैं तयार रहेको जानकारी गराइएको छ ।

समितिले पेश गरेका मागहरुमा प्रचलित ऐन, नियम तथा कार्यविधिले मार्गनिर्देशन गरेबमोजिम विगतको भूमि समस्या समाधान समितिले गरेका काम, संकलन गरेका तथ्याङ्क, नापजाँच प्रक्रिया तथा भएगरेका अभिलेखलाई निरन्तरता दिई बाँकी कामलाई शीघ्र अगाडि बढाउन माग गरिएको छ ।

» बाँकी ३ पेजमा

# बुटवल र तिलोत्तमाको बजेट कति ?

### बुटवलले ३ अर्ब ८५ करोड रुपैयाँ र तिलोत्तमाले ३ अर्ब ५ करोड ६७ लाख रुपैयाँको बजेट ल्याएका छन् ।







**लुम्बिनी संवाददाता**

*बुटवल*

रूपन्देहीको तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३ अर्ब ५ करोड ६७ लाख ८८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीले नगरसभाको २१औं अधिवेशनको बैठकमा आगामी वर्षको बजेट प्रस्तुत गरेकी हुन् । नगरपालिकाले आगामी वर्ष पूर्वाधार विकास, शिक्षाको गुणस्तर सुधार, कृषि आधुनिकीकरण र सुशासनलाई मुख्य प्राथमिकतामा राखेर बजेट ल्याएको छ । प्रस्तुत बजेटमा कुल विनियोजनमध्ये आर्थिक विकासतर्फ ४५ करोड ७४ लाख २५ हजार, सामाजिक विकासतर्फ ६७ करोड ४८ लाख ५५ हजार, पूर्वाधार विकासतर्फ १ अर्ब ७ करोड ८० लाख ७९ हजार, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ ४३ करोड ८४ लाख २९ हजार र सुशासन तथा संस्थागत विकासतर्फ ४० करोड ८० लाख छुट्याइएको छ ।

पुँजीगत खर्चका लागि १ अर्ब ६७ करोड ८४ लाख ६६ हजार रुपैयाँ अर्थात् कुल बजेटको ५४.९१ प्रतिशत बजेट विनियोजन गरिएको छ । यसैगरी चालु खर्चतर्फ ९२ करोड ३८ लाख २२ हजार रुपैयाँ अर्थात् ३०.२२ प्रतिशत, सामाजिक सुरक्षातर्फ ४५ करोड रुपैयाँ अर्थात् १४.७२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४५ लाख रुपैयाँ प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षको खर्च बेहोर्ने स्रोततर्फ तिलोत्तमाले आन्तरिक राजस्वबाट ३६ करोड ६ लाख २५ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ । बाँकी २ अर्ब ६९ करोड ६१ लाख ६३ हजार रुपैयाँ संघीय र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा चालु आर्थिक वर्षको नगद मौज्दातबाट बेहोरिने उपप्रमुख चौधरीले जानकारी दिइन् ।

बजेट प्रस्तुत गर्दै उप-प्रमुख चौधरीले चालु आर्थिक वर्ष २०८२/८३ को खर्चको स्थिति सन्तोषजनक नरहेको तथ्यांक सार्वजनिक गरिन् । चालु आवमा कुल २ अर्ब ९२ करोड ९३ लाख ४८ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा हालसम्म १ अर्ब ६३ करोड ५८ लाख ९ हजार रुपैयाँ अर्थात् करिब ५३ प्रतिशत मात्र खर्च हुन सकेको छ । जसमध्ये चालुतर्फ ७३ प्रतिशत र सामाजिक सुरक्षातर्फ ८३ प्रतिशत खर्च भए पनि पुँजीगततर्फ भने समीक्षा अवधिसम्म जम्मा ३३ प्रतिशत मात्र बजेट खर्च भएको छ । आन्तरिक राजस्वतर्फ भने ३३ करोड संकलन गर्ने लक्ष्य लिएकोमा हालसम्म २५ करोड २९ लाख रुपैयाँ अर्थात् ७७ प्रतिशत राजस्व संकलन भइसकेको प्रतिवेदनमा उल्लेख छ ।

यसपटकको बजेटमा तिलोत्तमाले भौतिक पूर्वाधारलाई विशेष जोड दिँदै आगामी आर्थिक वर्ष २०८३/८४ लाई सडक मर्मत वर्ष घोषणा गरेको छ । नगरभित्रका रणनीतिक र आर्थिक महत्वका पक्की सडकहरूको मर्मत सम्भार र स्तरोन्नतिका लागि वडा कार्यालयको बजेटसँग म्याचिङ हुने गरी ७ करोड ८२ लाख रुपैयाँ प्रस्ताव गरिएको छ । त्यस्तै, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन ऐतिहासिक पुरानो सडकलाई स्वर्णिम र बहुवर्षीय योजनाका रूपमा निर्माण थाल्न ५ करोड रुपैयाँ विनियोजन गरिएको छ भने 'एक वडा एक किलोमिटर सडक' कार्यक्रमलाई निरन्तरता दिन ८ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ ।

यसबाहेक खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूसँगको सहकार्यमा वडा नम्बर १० देखि १७ सम्म मासिक १० हजार लिटरसम्म पानी खपत गर्ने उपभोक्तालाई महसुलमा ५० प्रतिशत छुट दिने लोककल्याणकारी कार्यक्रम पनि बजेटमा समेटिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि बजेटले नयाँ कार्यक्रमहरू अघि सारेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न 'एक विद्यालयः एक स्मार्ट बोर्ड' कार्यक्रमका लागि ३५ लाख र सबै सामुदायिक विद्यालयका बालविकास कक्षालाई वातानुकूलित बनाउन ३५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

प्राविधिक शिक्षातर्फ सिटी कलेजमा डिप्लोमा इन फार्मेसी र पिसिएल नर्सिङ स्टाफ नर्स कक्षा सञ्चालनका लागि २० लाख रुपैयाँ प्रस्ताव गरिएको छ । स्वास्थ्यतर्फ आनन्दवन र सेमरा बजार स्वास्थ्य चौकीमा संचालित गर्भवती तथा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिँदै यसै वर्षदेखि 'तिलोत्तमा सुलभ ल्याब' सञ्चालनमा ल्याउने घोषणा गरिएको छ । कृषि क्षेत्रको आधुनिकीकरणका लागि एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत विभिन्न बालीका पकेट क्षेत्रहरूलाई बजेट विनियोजन गरिएको छ ।

उत्पादनमा आधारित दूध अनुदान कार्यक्रमअन्तर्गत गाई र भैंसीको दूधमा प्रतिलिटर २ रुपैयाँका दरले अनुदान दिन ६५ लाख रुपैयाँ छुट्याइएको छ भने छाडा चौपाया व्यवस्थापनका लागि तिलोत्तमा गौशालालाई २० लाख रुपैयाँ प्रस्ताव गरिएको छ । पछिल्लो समय सहकारी क्षेत्रमा देखिएको समस्यालाई मध्यनजर गर्दै तिलोत्तमाले वित्तीय कारोबार पारदर्शी बनाउन र जोखिम न्यूनीकरण गर्न नगरभित्रका सबै सहकारी संस्थाहरूलाई अनिवार्य रूपमा सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गराउन १० लाख रुपैयाँ विनियोजन गरेको छ ।

यस्तै बुटवल उप-महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि कुल ३ अर्ब ८५ करोड रुपैयाँको आय अनुमानसहितको बजेट वक्तव्य सार्वजनिक गरेको छ । उप-महानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले असार १० गते बुधबार नगर सभामा उक्त बजेट प्रस्तुत गरेकी हुन् ।

बजेटमा कुल खर्चमध्ये चालुतर्फ ५२ प्रतिशत र पुँजीगततर्फ ४८ प्रतिशत रहने अनुमान गरिएको छ । प्रस्तावित बजेटको व्यय अनुमानअनुसार सामाजिक विकासतर्फ २८ प्रतिशत र आर्थिक विकासतर्फ १२ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

बजेटको स्रोत व्यवस्थापनका लागि संघीय सरकारबाट संघीय समानीकरण अनुदानबापत रु. २९ करोड २२ लाख, ससर्त अनुदान (चालु) तर्फ रु. ५० करोड २५ लाख, ससर्त अनुदान (पुँजीगत) तर्फ रु. ७ करोड ४ लाख, विशेष अनुदान (पुँजीगत) तर्फ रु. ९० लाख र समपूरक अनुदान (पुँजीगत) तर्फ रु. २० लाख प्राप्त हुने अनुमान छ । यस्तै, प्रदेश सरकारबाट प्रदेश समानीकरण अनुदानबापत रु. २ करोड ३ लाख ६५ हजार, ससर्त अनुदान (चालु) तर्फ रु. ५६ लाख ५० हजार, ससर्त अनुदान (पुँजीगत) तर्फ रु. १ करोड ७३ लाख, समपूरक अनुदान (पुँजीगत) बापत रु. १ करोड ५० लाख र विशेष अनुदान (पुँजीगत) तर्फ रु. २० लाख प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

राजस्व बाँडफाँटतर्फ संघीय सरकारबाट रु. १९ करोड ४३ लाख ८६ हजार र प्रदेश सरकारबाट रु. २ करोड ७५ लाख ६१ हजार प्राप्त हुने अनुमान छ । नगरको आन्तरिक स्रोत व्यवस्थापनतर्फ स्थानीय आन्तरिक स्रोतबापत रु. १ अर्ब ५० करोड ३८ लाख ५९ हजार २ सय संकलन हुने लक्ष्य राखिएको छ । यसबाहेक स्थानीय राजस्व बाँडफाँटअन्तर्गत विज्ञापन, मनोरञ्जन कर र दहतार बहत्तरको बिक्रीबाट रु. ७८ करोड ७७ लाख ७८ हजार ८ सय प्राप्त हुने तथा गत आर्थिक वर्षको बचत (अल्या) रु. ४० करोड गरी कुल स्रोत ३ अर्ब ८५ करोड रहने अनुमान गरिएको छ ।

# निजी शिक्षाको योगदान वार्षिक एक खर्ब ६० अर्ब

### प्रदेशगतरूपमा निजी शिक्षामा बागमती प्रदेशमा सबैभदा धेरै १ खर्ब २८ अर्ब ८४ करोड तथा दोस्रो स्थानमा लुम्बिनी प्रदेशमा ४३ अर्ब ९९ करोड लगानी भएको छ ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपालको अर्थतन्त्रमा निजी शिक्षाको योगदान वार्षिक १ खर्ब ६० अर्ब रुपैयाँ बराबर रहेको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ को नतिजा सार्वजनिक गरेको छ । नतिजाअनुसार नेपालको अर्थतन्त्रमा सरकारी स्वामित्वबाहेकका शिक्षण संस्थाले करिब १ खर्ब ६० अर्ब रुपैयाँ बराबरको कुल मूल्य अभिवृद्धि गरेको देखिएको छ ।

**प्रदेशगतरुपमा बागमती प्रदेशमा सबैभदा धेरै १ खर्ब २८ अर्ब ८४ करोड**

लगानी भएको छ । दोस्रो स्थानमा लुम्बिनी प्रदेशमा ४३ अर्ब ९९ करोड लगानी भएको छ । यस्तै कोशी प्रदेशमा ४२ अर्ब ५१ करोड, गण्डकी : ३५ अर्ब ४३ करोड,मधेश प्रदेशमा ३४ अर्ब ५२ करोड,सुदूरपश्चिममा १८ अर्ब ४७ करोड र कर्णालीमा ५ अर्ब ४२ करोड लगानी भएको छ । विद्यार्थीलाई औसत मासिक ३ हजार ३०० रुपैयाँ शुल्क लिने गरिएको तथ्यांकले देखाएको छ ।

कार्यालयले १ साउन २०८० देखि २०८१ असार मसान्तलाई सन्दर्भ अवधि मानेर नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ सञ्चालन गरेको थियो । तथ्यांक संकलनको काम बैशाख-असार २०८२ मा गरिएको थियो । कार्यालयले पूर्ण गणना र नमूना सर्वेक्षण विधि तथा द्वितीय स्रोतका रुपमा सर्वेक्षण सूची प्रयोग गरी तथ्यांक संकलनको काम गरेको उप-प्रमुख तथ्यांक अधिकारी ढुन्डीराज लामिछानेले जानकारी दिए ।

तथ्यांक अनुसार नेपालको निजी शिक्षण संस्थामा कुल लगानी ३ खर्ब ९ अर्ब २१ करोड रुपैयाँ बराबर पुगेको छ । सन्दर्भ वर्षमा निजी शिक्षण संस्थाहरुको कुल उत्पादन (सेवा दिए बापत संकलन गरेको कुल रकम) १ खर्ब ९५ अर्ब रुपैयाँ बराबर रहेको छ । सो उत्पादन गर्न मध्यवर्ती उपभोग (कर्मचारीको तलव तथा स्थिर सम्पत्ति बाहेक) ३५ अर्ब ४० करोड रुपैयाँ बराबर लागत रहेको देखिएको छ ।

एक वर्षमा निजी शिक्षण संस्थाको कुल सञ्चालन खर्च १ खर्ब १४ अर्ब रुपैयाँ बराबर रहेको छ । यी संस्थाले कर्मचारीको तलव, ज्याला र अन्य सुविधामा ७५ अर्ब रुपैयाँ हाराहारी खर्च गर्ने गरेको तथ्यांकले देखाएको छ । कार्यालयका अनुसार सरकारीबाहेक निजी, सामुदायिक, गुठीलगायतबाट सञ्चालित विद्यालय, क्याम्पस र प्राविधिक-व्यवसायिक प्रशिक्षण केन्द्रको तथ्यांक सर्वेक्षणमा समेटिएको छ ।

प्रादेशिक रुपमा हेर्दा सबैभन्दा ठूलो लगानी बागमती प्रदेशमा भएको देखिन्छ । यस प्रदेशमा निजी शिक्षण संस्थामा १ खर्ब २८ अर्ब ८४ करोड रुपैयाँ बराबरको लगानी भएको छ । यस प्रदेशले अर्थतन्त्रमा एक वर्षमा ७० अर्ब ९४ करोड रुपैयाँ बराबरको योगदान गरेको देखिन्छ ।

निजी शिक्षामा सबैभन्दा कम लगानी कर्णाली प्रदेशमा भएको छ । यस प्रदेशमा ५ अर्ब ४२ करोड रुपैयाँ मात्र लगानी भएको छ । अर्थतन्त्रमा यस प्रदेशमा रहेका शिक्षण संस्थाको योगदान ३ अर्ब ४ करोड रुपैयाँ बराबर छ । देशभरि १० हजार ४११ निजी शिक्षण संस्था रहेकोमा सबैभन्दा धेरै बागमतीमा २ हजार ९०३ र सबैभन्दा कम कर्णालीमा ३७५ संस्था छन् ।

नेपालका निजी शिक्षण संस्थाको औसत मासिक शूल्क ३ हजार ३ सय रुपैयाँ रहेको छ । सर्वेक्षण अनुसार निजी शिक्षण संस्थाको औसत मासिक शुल्क बागमती प्रदेशमा सबैभन्दा महँगो ५ हजार १ सय रुपैयाँ छ । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २ हजार मासिक छ ।

मासिक शिक्षण शुल्कलाई तहगत रुपमा हेर्दा माध्यामिक तह र उच्च शिक्षामा बढी शुल्क लाग्ने गरेको देखिन्छ । शिक्षण संस्थाको वार्षिक खर्चको हिसाबमा हेर्दा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा प्रतिशिक्षण संस्थाको वार्षिक खर्च २ करोड, माध्यामिक तहको औसत १ करोड ८८ लाख, व्यवसायिक शिक्षा सञ्चालन गर्ने संस्थाको औसत १ करोड १७ लाख खर्च रहेको देखिन्छ ।

कुल संस्थाहरूको तलव, भत्तालगायतमा वार्षिक खर्च औसत १ करोड २२ लाख रहेको छ । प्रदेशगत रुपमा यस्तो खर्च बागमतीमा २ करोड १२ लाख, गण्डकीमा १ करोड ३० लाख, लुम्बिनीमा १ करोड ४ लाख, कोशीमा ८९ लाख, मधेशमा ७० लाख, कर्णालीमा ६४ लाख र सुदूरपश्चिममा ६३ लाख छ । नेपालका निजी शिक्षण संस्थाले कर्मचारीको तलव भत्तामा वार्षिक ७५ अर्ब रुपैयाँ खर्च गर्ने गरेको तथ्यांकले देखाएको छ ।

» बाँकी ३ पेजमा


नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म,मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।

विनय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सुदीप पौडेल
नगर प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# अत्यावश्यक औषधीको अभाव

अहिले रेबिजविरुद्धको खोप र सर्पदंशको उपचार गर्न एन्टी स्नेक भेनमको अभाव भएको छ। रेबिजविरुद्धको खोप अभाव हुँदा नागरिकको मृत्युको जोखिम बढेको छ। सर्पदंशको यो मुख्य मौसम हो। यो बेला खोप अभाव हुनु नागरिक उपचारबाट वञ्चित हुनु हो।

अत्यावश्यक जीवन रक्षक औषधी मानिने रेबिजविरुद्धको खोप र सर्पदंशको उपचारका लागि दिइने एन्टी स्नेक भेनम किन बेलैमा आउन सकेन् ? यो बारेमा सरकार गम्भीर हुनुपर्छ। पूराना राजनैतिक दललाई गाली गर्ने र उनीहरुका कमजोरीको कुराले मात्रै नागरिकका आवश्यकता पूर्ति हुँदैनन्। तत्काल गर्नुपर्ने काम किन हुन सकेन ? सरकारले कारण खोजेर पूर्ति गर्नुपर्छ। काठमाडौंमा रेबिजले गर्दा एक जनाको मृत्यु भएको छ। रेबिज लागेको कुकुरले टोकेपछि बेलैमा खोप नलगाउने हो भने ज्यानै जानसक्छ। रेबिजविरुद्धको खोपको व्यवस्था जति छिटो गर्न आवश्यक छ, सर्पदंशविरुद्धको भेनम पनि उत्तिकै छरितो ढंगले व्यवस्था हुनुपर्छ। रेबिजविरुद्धको खोप र एन्टी स्नेक भेनमको अभाव हुँदा समेत सरकारी अधिकारीहरु अभावको कुरा गर्न चाहँदैनन्। अभाव छ भनेर मिडियामा आउँदा छिटो गर्न जति दबाब पर्छ, अभावको बारेमा कुनै कुरा उल्लेख नगर्दा बिरामीले उपचार सहज पाउने होइनन्।

अत्यावश्यक औषधी खरिदमा कानुनको अभावबारे पनि कुरा उठिरहन्छन्। सार्वजनिक खरिदमा भएको व्यवस्थाले जुन विलम्ब छ, त्यसलाई अत्यावश्यक औषधीको हकमा विलम्ब हुने व्यवस्था हटाउनुपर्छ। सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाकै कारण विगतमा कोभिड महामारी नियन्त्रणमा अत्यावश्यक सामग्री खरिदमा समस्या भयो। सार्वजनिक खदिरमा भएको प्रावधानलाई कुल्चेर अघि बढ्दा अख्तियारले प्रश्न उठाउने र अनियमितता गरेको भनेर मुद्दा चलाउने जोखिमकै कारण कर्मचारी खरिद प्रक्रिया छरितो गर्न उत्सुक भएनन्। अहिले पनि समस्या त्यही हो। सार्वजनिक सूचना निकालेको ३५ दिनको म्याद राख्नुपर्ने प्रावधानले समयसीमा लम्बिएको छ, अझ यो समयभित्र अन्तर्राष्ट्रिय बजार मूल्यमा उतारचढाव आएकोले व्यवसायी खरिद प्रक्रियामा सहभागी हुन उत्सुक छैनन्। बजार मूल्यमा छिटो हेरफेर हुँदा टेण्डर प्रक्रियामा सहभागी भएर छनौट भएपछि आपूर्ति गर्दा भएको सम्पत्ति सकिने जोखिम बढेकोले पनि समस्या छ।

अत्यावश्यक औषधी खरिदका लागि ३५ दिनको समयसीमा राख्नुपर्छ भन्ने छैन। त्यसलाई पाँच दिनको सूचना निकालेर खरिद गर्न सकिन्छ, तर त्यो व्यवहारिकतालाई हेरेर अन्तरसरकारी समन्वय आवश्यक छ। विधि र प्रक्रिया मिलाएर रेबिजविरुद्धको खोप र एन्टी स्नेक भेनम छिटो व्यवस्था गरेर सरकारले प्रभावकारी उपस्थिति देखाउनुपर्छ।

# यी हुन् गर्मीमा उपयोगी ६ तरकारी

गर्मी मौसममा खानपानमा अलिकता लापरवाहीले पनि बिरामी पर्ने सम्भावना हुन्छ। जाडो मौसमको तुलनामा गर्मीमा पाचन शक्ति कमजोर हुन्छ। यस्तो बेला बढी तारेको या मसालायुक्त खाना धेरै खानुहुँदैंन। फुड प्वाइजनको समस्या हुने पनि यही मौसममा हो। त्यसैले यो मौसममा हल्का या सजिलै पच्ने खालको खाना खानुपर्छ। गर्मीमा यी तरकारी खानु उपयोगी मानिन्छः

**१. लौका**

लौकामा करिब ९६ प्रतिशत पानी हुन्छ। सलादमा काँक्रोले काम गरेजस्तै यसले तरकारीमा पनि त्यस्तै काम गर्छ। लौका चिसो खालको तरकारी हो। यसले कलेजो स्वस्थ राख्न मद्दत गर्छ। क्यालोरी कम हुने भएकाले सजिलै पचाउन सकिन्छ। गर्मी मौसममा यसले पेट सफा पार्छ। ग्यास बन्न दिँदैंन। फाइबर पनि हुने हुनाले अल्सर, पायल्स र ग्यास्ट्रिकका रोगीका लागि लाभदायी हुन्छ।

**२. प्याज**

गर्मी मौसममा प्याज वरदान नै हो। यसमा भिटामिन सी, भिटामिन बी ६ र म्याङगनिजको मात्रा भरपूर हुन्छ। यसका अलावा क्याल्सियम, आइरन, फोलेट, म्याग्नेसियम, फस्फोरस र पोटासियम पनि पाइन्छ। यसमा क्वेरसेटिन नामक एन्टीअक्सिडेन्ट पनि हुन्छ। यो मौसममा काचो प्याज खानाले लू पनि लाग्दैन। यसलाई तरकारीको रुपमा मात्र नभई काचै सलादका रुपमा खान सकिन्छ।

**३. करेला**

स्वादमा तीतो भए पनि करेला स्वास्थ्यका लागि निकै लाभदायी मानिन्छ। यो सजिलै पच्छ। यसमा फस्फोरस पाइने भएकाले कफको समस्या हटाउन पनि मद्धत गर्छ। यसका साथै प्रोटीन, क्याल्सियम, कार्बोहाइड्रेट, फस्फोरस र भिटामिन पाइन्छ। करेलाले पाचनशक्ति मजबूत पार्ने भएकाले भोक पनि जगाउछ। यो चिसो खालको तरकारी भएकाले गर्मी मौसममा उपयोग गर्नु राम्रो मानिन्छ।

**४.हरियो सिमी**

हरियो सिमीले पनि शरीरलाई आवश्यक पोषक तत्व प्राप्त हुन्छ। यसमा पर्याप्त मात्रामा भिटामिन ए, सी र बी ६ पाइन्छ। यो फोलिक एसिडको पनि राम्रो स्रोत हो। यसका अलावा क्याल्सियम, सिलिकन, आइरन, म्याङनिज, बिटा क्यारोटिन, पोटासियम र कपर तत्व पनि सिमीमा पाइन्छ।

पर्याप्त मात्रामा एन्टीअक्सिडेन्ट पाइने भएकाले पनि यसले शरीरमा रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्छ। कोशिकाहरुको क्षति ठीक गरी नयाँ कोशिका निर्माण गर्न पनि मद्दत गर्छ।

**५. फर्सी**

फर्सी खनिज तत्वले भरपूर हुन्छ। यसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्छ भने एसीडीटी हटाउन र तौल कम गर्न मद्दत गर्छ। यसको बियाँले प्रोस्टेट क्यान्सरका बिरामीलाई फाइदा पुग्छ। यसमा आइरन, म्याग्नेसियम, सेलेनियम र फस्फोरस हुन्छ। गर्मी मौसममा पेट गडबड हुनेहरुका लागि यो निकै राम्रो खाद्यपदार्थ हो।

**६. गोलभेंडा**

दिनहुँ एउटा गोलभेंडा खाने हो भने धेरै खालका रोगबाट बच्न सकिन्छ। यसमा भिटामिन ए र सी, फोलेट, पोटासियम, फाइबर र सबै खालका एन्टी अक्सिडेन्ट पाइन्छ। गोलभेंडा खानाले शरीरको रोगप्रतिरोधी क्षमता मजबूत हुन्छ भने रक्तचाप पनि नियन्त्रणमा आउँछ। त्यसैले मुटुका रोगीका लागि यो निकै उपयोगी मानिन्छ।

# दाइजोको बोझ, हिंसाको सजाय : अब परिवर्तनको समय



बबिता बस्नेत

हाम्री राष्ट्रिय विभूति सीताको जन्म अहिलेको मधेश प्रदेशको राजधानी जनकपुरमा भएको थियो। सीताको विवाह 'स्वयम्वर' अर्थात् आफैले पति या जीवनसाथी रोज्ने समारोह गरेर भएको थियो। अयोध्याका राजकुमार रामले सीतालाई पत्नीका रूपमा प्राप्त गर्नका लागि धनुष उठाएर विभिन्न राज्यका राजकुमारहरूसँग प्रतिस्पर्धा गर्नु परेको थियो। त्यतिबेला विवाहको नाममा कुनै आर्थिक लेनदेन भएको थिएन। विवाहलाई एकार्काको साथका रूपमा मात्र लिइएको थियो। प्राचीन कालमा जतिबेला छोरीलाई पैतृक सम्पत्तिमा हकको परिकल्पना गरिएको थिएन, त्यतिबेला विवाहमा केही सम्पत्ति उपहार भने दिने गरिएको थियो। तर, त्यो नितान्त स्वेच्छिक थियो।

त्यतिबेला बुहारीको माइतीबाट सम्पत्ति ल्याउने अवधारणा नै देखिँदैन। महाभारतकी महत्वपूर्ण पात्र द्रौपदीलाई नै हेरौँ, उनको पनि विवाह स्वयम्वरमार्फत् नै भएको थियो। उनी द्रौपद राजाकी छोरी थिइन्, पञ्चपाण्डवसँग दुःखमा रहिन् तर दाइजो लिएको देखिँदैन, न त कसैले उनको माइतबाट सहयोगको अपेक्षा नै गरेको देखिन्छ। रामायण र महाभारतकालीन महिलाहरूको विवाह कतिपय सन्दर्भमा एकर्का राज्यबिचको शक्ति सन्तुलनसँग सम्बन्धित हुने गर्थ्यो, तर कुनै प्रकारको आर्थिक लेनदेन हुँदैन थियो। महिलाहरू आफूले मनपराएको वर छानेर विवाह गर्न स्वतन्त्र थिए।

प्राचीनकालका महिलाहरूले दाइजोरहित विवाह गरेर आत्मसम्मानित जीवन बिताएका भए पनि आधुनिक कालका महिलाहरू अहिले पनि दाइजोका नाममा घरेलु हिंसाको सिकार हुने गरेका छन्। देशब्यापी रूपमै घरेलु हिंसा महिलामाथि हुने हिंसामध्ये सबैभन्दा बढी छ। नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयमा वि.सं. २०८१ को श्रावणदेखि २०८२ को असार महिनासम्ममा दर्ता भएका अपराधिक घटनामध्ये २९ प्रतिशत घटनाहरू लैङ्गिक हिंसासँग सम्बन्धित छन्। एक वर्षमा लैगिक हिंसासम्बन्धी देशब्यापी रूपमा २१ हजार ६ सय ६६ घटनाहरू दर्ता भएका छन्। प्रदेशगत तथ्याङ्कलाई हेर्दा कोशीमा ७१४, मधेश ४४३, बागमती ३४८, उपत्यका ४४३, गण्डकी २२३, लुम्बिनी ४९३, कर्णाली २३५ र सुदूरपश्चिममा २७९ महिलाविरुद्ध अपराधका घटनाहरू दर्ता भएका छन्। हिंसाको प्रकारमा घरेलु हिंसा, बलात्कार, अप्राकृतिक मैथुन, बाल यौन दुर्ब्यवहार, अपहरण गरी शारीरिक बन्धक, मानव बेचबिखन गरी बलात्कार, सार्बजनिक स्थलमा अभद्र व्यवहार, मानव बेचबिखन तथा ओसार पसार, बलात्कार गरी हत्या, दाइजोका कारण हिंसा, दाइजोका कारण कर्तब्य ज्यान अर्थात् हत्या, घरेलु हिंसाका कारण हत्या, बहुविवाह, बालविवाहलगायत रहेका छन्।

मुलुकभरी भएका सबैभन्दा बढी घटना घरेलु हिंसासँग सम्बन्धित छन्। घरेलु हिंसाका घटनालाई प्रदेशअनुसार छुट्याएर हेर्दा सबैभन्दा बढी घटना मधेश प्रदेशमा दर्ता भएका छन्। दाइजो सम्बन्धित घरेलु हिंसा र हत्यामा पनि सबैभन्दा बढी मधेश प्रदेशमै देखिएको छ। यो लेख मधेश प्रदेशमा ब्याप्त घरेलु हिंसा र दाइजोका कारण महिलामाथि हुने हिंसामा केन्द्रित छ।

**घरेलु हिंसा र दाइजाको सम्बन्ध**

नेपाली महिलाहरूले भोग्दै आएको हिंसामध्ये सबैभन्दा बढी घरेलु हिंसा भएको तथ्याङ्कले देखाएको छ। मुलुकभरी एक वर्षमा १७ हजार ४ सय ९६ वटा घरेलु हिंसाका घटनाहरू दर्ता भएका छन्। जसमा ६ हजार ९ सय ४६ घटना मधेश प्रदेशमा दर्ता भएका छन्। सात वटा प्रदेशमध्ये यो सबैभन्दा बढी संख्या हो। घरेलु हिंसाका कारण हत्या भएका घटनाचाहिँ सबैभन्दा बढी कोशी प्रदेशमा दर्ता भएका छन्। यसैगरी मुलुकभरी दाइजोसँग सम्बन्धित १० वटा घटना दर्ता भएका छन्, जसमा दशवटै घटना मधेश प्रदेशमा भएका छन्। दाइजोका कारण दुई जना महिलाको हत्या भएको छ, यो पनि मधेश प्रदेशमै भएको छ। बालविवाह पनि मधेश प्रदेशमा बढी देखिएको छ। मुलुकभरी ६१ वटा बालविवाहका घटनामा सबैभन्दा बढी २१ वटा मधेश प्रदेशमा उजुरी दर्ता भएका छन्।

घरेलु हिंसा र दाइजोबिच गहिरो सम्बन्ध छ। मधेश प्रदेशमा मात्र होइन अन्य प्रदेशमा पनि हुने घरेलु हिंसालाई अधिकांश हिंसाहरू 'तिम्रो माइतीले दिएको हो र ? के दिएको छ र ? तिमीसँग के नै छ र ? चाहिने भए माइतीबाट ल्याउनु, माइतीले दिएको भए पो...' जस्ता कुराबाट सुरु भएको पाइन्छ। कुनै न कुनै रूपमा माइती र सम्पत्ति जोडिने एकातिर छ भने अर्कोतिर प्रत्यक्ष दाइजोलाई नै मुख्य विषय बनाएर गरिने हिंसा पनि त्यत्तिकै छ। दाइजो तोकेरै गरिने विवाहबाट महिलाहरू थप पीडित हुने गरेका छन्। कतिपय स्थान र समूदायमा घरायसी सामान, सवारी साधनदेखि पैसा नै तोकेर दाइजोको लेनदेन हुने गरेको छ। विवाहका बेला मात्र नभइ केटा पक्षले विवाहपछि पनि पटक-पटक दाइजोको माग गर्ने र केटी पक्षले दिन नसक्ने अवस्थामा हुने हिंसाका घटनाहरू पनि धेरै छन्। घरेलु हिंसाका अधिकांश घटनाहरू प्रहरीसम्म पुग्दैनन्। दाइजो परम्परागत कुरीति मात्र नभइ महिला हिंसालाई संस्थागत गर्ने सामाजिक अभ्यास पनि बनेको छ।

के दाइजो, बालविवाह, घरेलु हिंसा मधेशमा मात्रै छ त ? होइन, यी देशब्यापी छन्। तर, तथ्याङ्कले सबैभन्दा बढी मधेश प्रदेशमा देखाएको छ। दाइजो कुनै न कुनै रूपमा अन्य प्रदेशहरूमा पनि छ, गाउँ, शहर, पहाड, तराई सबैतिर छ। तर, दाइजोका कारण हुने गरेका हिंसा र हत्या मधेशमा केन्द्रित देखिएको छ। त्यसैले यी विषयहरूमा मधेशलाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू हुँदै आएका छन्। माइती नेपाल र युएन वुमनको साझेदारीमा मधेश प्रदेशका दुई जिल्ला धनुषा र बारामा सञ्चालन भइरहेको 'हाम्रो साहस' कार्यक्रमले सामाजिक कुरीति र महिलामाथिका हिंसा घटाउनका लागि विभिन्न सरोकार पक्षसँग काम गरिरहेको हाम्रो साहससम्बद्ध नीतु कुमारी यादवले जानकारी दिइन्।

नीतुका अनुसार, महिला तथा किशोरीमाथि हुने विभेद तथा हानिकारक सामाजिक मान्यताहरू न्यूनीकरण गर्दै लैगिक समानता र महिला सशक्तिकरणको प्रवर्द्धन गर्नका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। यद्यपि सामाजिक ब्यवहार परिवर्तन त्यति सहज कुरा होइन तर पनि विद्यालय, युवा समूह, नागरिक समाज तथा समुदायलाई लक्षित गरी धनुषाको मिथिला बिहारी नगरपालिका र धनुषाधाम नगरपालिका तथा बारा जिल्लाको कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिकामा लैंगिक हिंसा, बालविवाह, लैंगिक समानता तथा सकरात्मक सामाजिक व्यवहारका कार्यक्रमहरू संचालनमा छन्।

**दाइजो र घरेलु हिंसाविरुद्ध युवा**

मधेशका कतिपय स्थान र समुदायमा घरका अविभावकले दाइजो लिएर सन्तानको विवाह गराइदिने परम्परालाई युवाहरू स्वयं जागरुक भएर तोड्न थालेका छन। बाबु आमाले दाइजो तय गर्ने कुरा शिक्षित युवाहरूका लागि हिजो आज लज्जाको विषय बन्ने गरेको छ। दाइजो लिएर विवाह गर्नुपर्ने परिस्थिति झेलेका कतिपय युवाहरू आफ्नी श्रीमतीसँग सिधा नजरले कुरा गर्न नसकेको बताउँछन्। सम्बन्ध त मायाको हुनुपर्ने हो तर परम्परागत संस्कृतिले गर्दा पैसासँग सम्बन्ध साटिने गरेको छ। कतिपय शिक्षित युवाहरू भन्छन्- 'वास्तवमा दाइजोको नाममा हामी बेचिएको कुरा हाम्रा अभिभावकले बुझ्दैनन्। यो कुरा कसरी बुझाउने - हामीमा ठुलो चुनौती छ।' दाइजोको अवधारणाले यति गहिरो जरा गाडेको छ कि कुनै युवाले म दाइजो नलिइ विवाह गर्छु भनेर घोषणा गऱ्यो भने यसमा पक्कै कुनै खराबी होला नत्र किन दाइजो लिन्न भन्थ्यो भन्ने अर्थ लगाइन्छ। यसप्रकारको धारणालाई बदल्ने दायित्व पनि युवाहरूकै हो।

यस्तै अवधारणाबाट प्रेरित भएर मिथिला बिहारी नगरपालिकाका र आसपासका युवाहरूले राम-जानकी युथ क्लबमार्फत घरेलु हिंसा, दाइजो, बालविवाहलगायतका कुरीतिविरुद्ध आवाज बुलन्द गरिरहेका छन्। राम-जानकी युथ क्लबका अध्यक्ष सन्तोष मण्डल भन्छन्- 'हामीले क्लबमार्फत घर-दैलो कार्यक्रम गरेर घरेलु हिंसा र दाइजोविरुद्ध जनचेतना जगाउने काम गरिरहेका छौँ। हामी आफैँले पनि विवाहमा दाइजो नलिने घोषणा गरेका छौँ, जसका कारणले अरुलाई सम्झाउन सजिलो भएको छ। छोरीलाई शिक्षा, दाइजोरहित विवाह र घरेलु हिंसा न्यूनीकरणका लागि छठ पर्वका बेला 'स्टेज सो'हरू पनि गर्छौं। भेदभावविरुद्धको हाम्रो अभियानलाई समूदायले पनि साथ दिइरहेको छ। क्लबमा युवा महिलाहरूको संख्या पनि बढिरहेको छ।'

**महिला मात्रै पीडित छैनन्**

हामी ठान्छौं तराईमा हुने बालविवाह र दाइजोप्रथाबाट महिलाहरू मात्रै पीडित छन्। तर होइन, बाल विवाहका कारण पीडित किशोरी मात्र नभएर किशोरहरू पनि छन्। जसले विवाह भएका कारण पढाइ छुटाएका छन्, कमाउनलाई परदेशिएका छन्। विवाहको अर्थ नबुझ्दै विवाह भएका कारण अनेक बोझहरू उठाउन बाध्य भएका छन्। यता दाइजोबाट महिला मात्र होइन पुरुष पनि त्यत्तिकै पीडित छन्। यस्ता पुरुष जसका दिदीबैनी छन्, छोरी छन्। छोरीका बाबुहरू पुरुष हुन्, दाइजोको सबैभन्दा ठुलो बोझ तिनै पुरुषहरूले यसरी धान्नुपरेको छ मानौँ उनीहरूले छोरी पाएर ठुलै पाप गरेका छन्। महिला नभइ घर-परिवार चलाउन गाह्रो छ, धर्म-संस्कृति जोगाउन गाह्रो छ। तर तिनै महिलाहरूमाथिको विभेदले तराईमा जरो गाडेको छ, जसको असर प्रत्यक्ष रूपमा हेर्दा महिलामा परेपनि अप्रत्यक्ष असर पुरुषमा बढी छ। महिलाहरूले घर बाहिर कमाउन जाने परिस्थिति नबन्दा पुरुषहरू आफू मात्रै कमाएर घर-परिवार धान्नुपर्ने आर्थिक बोझमा छन्। सीपहरू सिकाउन नपाउँदा कामको बाँडफाँट हुने गरेको छैन। महिलाहरू घर-परिवारमा सीमित हुँदा बाहिर केही पऱ्यो भने हात बँटाउने मान्छे छैनन्।

दाइजोका कारण महिला मात्र होइन ती महिलाका माइतमा बाबु जति पीडित छन्, नन्द आमाजुको विवाहका कारण घरमा ससुरा पनि त्यत्तिकै पीडित छन्। महिलाका नाममा भएको यो पुरुष-पीडाको कथा खासै लेखिएको छैन न त प्रत्यक्ष देखिएको नै छ। संस्कृति र चलनको नाममा वर्षौंदेखि आफ्ना छोरीहरूको घरबार क्यासमा किन्न बाध्य छन्। यसरी क्यासमा किनिएका ज्वाईंलाई मान-मनितो गरिरहनु पर्ने नैतिक दायित्व नभएपनि त्यो पनि गरिरहेका छन्। हिजोका दिनमा विवाह गर्ने केटाको मूल्य तोकिँदा संस्कृति ठानेर सामान्य मानिए पनि आजका युवाहरूका लागि जीवनसाथी भित्र्याउँदा क्यासको कारोबार हुनु शीर ठाडो गर्नै नसक्ने गरी लाजमर्दो कुरा हो। आफ्नी पत्नीसँग रात बिताउनका लागि पत्नीले माइतबाट खाट बोकेर आउनुपर्छ भने त्यो पुरुषको आत्मसम्मान नै कहाँ रहन्छ ? दाइजोबाट तराइका मानिसहरू यति आजित भइसकेका छन् कि कसैले ठुलो अभियान सञ्चालन गरिदिए घर-घरबाट मानिसले साथ दिन्छन्। तर यो कुरा अहिलेसम्म राजनीतिक दलका लागि सरोकारको विषय बन्न सकेको छैन। अब मुलुकमा राजनीतिक परिस्थिति फेरिएको छ, युवा राजनीतिकर्मीहरूका लागि अब दाइजोरहित विवाह चुनावी एजेण्डा बनेमा त्यसको प्रभाव सकरात्मक पर्नेछ।

**कानूनमा के छ ?**

नेपालको संविधानले समानताको हक सुनिश्चित गरेको छ। कानूनले दाइजो लिनु र दिनुलाई निषेध गरेको छ। मुलुकी अपराध संहिता २०७४ ले भेदभाव तथा अपमानजन्य ब्यवहारसम्बन्धी कसूरको व्यवस्था गरेको छ। घरेलु हिंसा र दाइजोमा दुवै अपमानजनक व्यवहार प्रमुख रहने गरेका छन्। कसैले अपमानजन्य व्यवहार गरेमा पाँच वर्षसम्मको कैद र पचास हजारसम्मको जरिवाना व्यवस्था गरिएको छ। यस्तै गाली बेइज्जती कसूरको व्यवस्था पनि छ। यदि कसैले गाली बेइज्जती गरेमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवानाको ब्यवस्था गरिएको छ।

घरेलु हिंसालाई सम्बोधन गर्न घरेलु हिंसा कसूर सजाय ऐन २०६६ को व्यवस्था गरिएको छ। घरेलु हिंसाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई गर्ने हिंसामा शारीरिक हिंसा मात्र नभइ मानसिक, यौनजन्य र आर्थिक यातनालाई पनि समेटेको छ। यो व्यवस्थाअनुरुप घरेलु हिंसाका पीडितले नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र स्थानीय तहमा उजुरी दिन सक्नेछन्। पीडितले चाहेमा सोझै अदालतमा पनि उजुरी दिन सक्नेछन्। घरेलु हिंसामा हिंसाको प्रकृति हेरेर सजायको व्यवस्था गरिएको छ। अङ्गभङ्ग, शारीरिक यातना, यौन हिंसालगायतका कुरामा प्रचलित कानूनमा व्यवस्था गरिएअनुरुप व्यवस्था गरिएको छ भने अन्य हिंसामा तीनदेखि पच्चीस हजारसम्मको व्यवस्था गरिएको छ। साथै ६ महिना कैद या दुवै सजाय पनि हुनसक्ने व्यवस्था छ। हिंसा दोहोरिएमा दोब्बर सजायको व्यवस्था छ।

**आत्महत्याको कारण खोजी गरौँ**

मुलुकमा अहिले आत्महत्या बढ्दो छ। तर आत्महत्याको कारण खोजी गर्ने गरिएको छैन। आत्महत्याको कारण खज्ने हो भने पुरुषको सवालमा आर्थिक र सम्बन्धमा देखिएका समस्या प्रमुख कारण देखिन्छ भने महिलाहरूको आत्महत्याको कारण प्रायः घरेलु हिंसा रहने गरेको छ। मेरी छोरीलाई दाइजोका नाममा जलाइयो, मेरी बैनीले माइतीको इज्जत जाला भनेर आत्महत्या गरी, मेरी भतिजीमाथि रात-दिन अत्याचार गरियो तर हामीले केही गर्न सकेनौँ, अन्ततः स्टोभ/ग्याँस पड्केको नाममा उसको हत्या भयो। लोग्नेले दिने तनाव सहन नसकेर पल्ला घरकी बुहारी झुण्डिएर मरी... जस्ता कुराहरू धेरै सुनिए, सुनिन्छन्। कति त मिडियामा पनि आए तर हामीले कहिल्यै खोजी गरेनौँ कि आखिर तिनीहरू किन झुण्डिए या विष खाएर मरे ? आत्महत्या गर्नुपछाडिका कारणहरूको खोजी गर्ने गरिएको छैन, जुन जरुरी छ।

कतिपय अवस्थामा कारण थाहा पाएर पनि गर्न सक्ने केही छैन। कानूनले प्रमाण खोज्छ, आफन्तहरूले कुल खानदानको इज्जत खोज्छन्। माइतीको इज्जत जोगाउने क्रममा महिलाहरू आफूले भोगेका पीडादायी परिस्थिति सकेसम्म बाहिर ल्याउन चाहँदैनन्। फलतः सुरु-सुरुमा बाबु-आमाको या भनौँ घर-परिवारको इज्जत र अलि पछाडि गएर छोरा-छोरीको भविष्यका लागि आत्महत्याका नाममा चुपचाप संसार छोडेर जान्छन्। पहिला कानून थिएन तर अहिले आत्महत्या दुरुत्साहनसम्बन्धी कानून छ। आत्महत्याको कारणको खोजी गरी दोषीमाथि कार्बाही हुनसक्यो भने आत्महत्या गर्न बाध्य बनाउने घटनामा कमी आउन सक्छ। कसैले दिएको पीडाले आत्महत्याको अवस्थाको सिर्जना हुनु या कुनै पनि नाममा पीडा सहेर बस्ने परिस्थिति बन्नु भनेको व्यक्ति या कुनै एउटा परिवारको इज्जतसँग मात्रै जोडिएको कुरा होइन, यो राज्यको इज्जतसँग जोडिएको कुरा हो।

**दाइजो अन्त्यका लागि छोरीलाई अंश**

हामीकहाँ छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकारको कानून छ। मुलुकी देवानी संहिताको परिच्छेद १० मा यो व्यवस्था गरिएको छ। तर छोरीलाई समान अंशसम्बन्धी यो कानूनको कार्यान्वयन भएको छैन। कानूनको मस्यौदा गर्ने र संसदमा ताली बजाएर विधेयक पास गरी कानून बनाउने विधायकहरूले समेत यो कानूनको कार्यान्वयन गरेको पाइँदैन। नेपालमा अत्यन्त न्यून कार्यान्वयन भएको कानूनमध्ये एक छोरीलाई अंशसम्बन्धी कानून हो। २०८३ साल असार २ गते जनकपुरमा यो पङ्क्तिकारसँग कुरा गर्दै मधेश प्रदेशकी प्रदेशसभा सदस्य जीवछी यादवले छोरीलाई अंश दिने कानूनको कार्यान्वयन भएर अभ्यासको सुरुवात भए दाइजो स्वतः कम हुने बताउनुभयो। छोरीलाई सम्पत्तिको भागीदार नबनाउँदासम्म दाइजोले प्रश्रय पाइरहने उहाँको भनाइ छ। महिला, पुरुष दुवै आत्मनिर्भर भएर विवाह गर्नुपर्ने आवाज उहाँले उठाइरहनुभएको छ।

मधेश प्रदेश युवा अभियानका सह-कोषाध्यक्ष अर्जुन शाहको भनाइमा अंश र दाइजो दुबै सम्पत्तिसँग जोडिएका छन्। उनले भने-'नेपालको कानूनअनुसार छोरीले पैतृक सम्पत्ति पाउनु कानूनी अधिकार हो। यो अधिकारको कार्यान्वयन नहुँदा दाइजोले प्रश्रय पाइरहेको छ। दाइजो प्रथा हटाउनका लागि अंशसम्बन्धी कानूनको कार्यान्वयन आवश्यक छ।'

**पुरुष सक्रियताको आवश्यकता**

तराइमा व्याप्त दाइजो जस्तो कुरीति र घरेलु हिंसा न्यूनीकरण गर्न प्रभावकारी अभियानको आवश्यकता छ। तराईका कतिपय नेताहरू दाइजोलगायतका कुरीतिहरूमा बोल्दा आफ्नो भोट घट्ने मान्यता राख्छन्, तर अब समय बदलिएको छ। मानिसहरू परिवर्तन खोजीरहेका छन्। पुराना शक्तिले नगरे पनि नयाँ उदाउँदा शक्तिले यसप्रकारका कुसंस्कारविरुद्ध अभियान चलाए सर्वसाधारणको साथ सहजै पाउने देखिन्छ। विशेषगरी दाइजोको पीडाबाट मुक्त महिला पुरुष भेट्नै गाह्रो हुने हुँदा यसविरुद्धको अभियानमा सर्वसाधारणको उत्साहवर्द्धक साथ रहने निश्चित छ।

यसबीचमा समाजमा केही परिवर्तन पनि भएका छन्। बाबु, दाजुहरू मात्र नभएर समाजका अन्य सचेत पुरुषहरूले पनि महिलामाथिका अत्याचारको विरुद्धमा आवाज उठाउन थालेका छन्। छोरीचेलीको इज्जत परिवारमा मात्र सीमित नभएर जबसम्म गाउँ, समुदाय र मुलुककै सम्ममानसँग जोडिँदैन तबसम्म दृष्टिकोणमा परिवर्तनको तीव्रता सम्भव छैन। सबै पुरुषहरूले दाइजो लिँदैनन्, सबै पुरुषहरू घरेलु हिंसामा संलग्न छैनन् न त सबै पुरुषहरू बलात्कारी नै छन्। तर केही पुरुषहरूले गरेका हिंसात्मक कार्यले गर्दा तमाम पुरुषमाथि त्यसको असर परिरहेको छ। त्यसैले महिला हिंसा र दाइजोका विरुद्धमा हरेक तह र तप्काका पुरुषको सक्रियता आवश्यक छ। असल पुरुषहरूले अब महिलासँग जोडिएको इज्जतको दायरा र परिभाषालाई बदल्न अघि बढ्नु आवश्यक छ।

अन्त्यमा, महिलाले हिंसारहित जीवन बाँच्नका लागि आत्मनिर्भरता जरुरी हुन्छ। आत्मनिर्भरताले मानिसलाई आत्मविश्वास दिलाउँछ। कानूनको कार्यान्वयन, शिक्षा, आर्थिक सशक्तीकरण र सामाजिक चेतनाको संयुक्त प्रयासबाट हिंसारहित समाजको निर्माण सम्भव छ। दाइजो परम्परा होइन कुरीति हो, जसले हिंसा र अपराध निम्त्याइरहेको छ। यसको अन्त्य नै परिवर्तनको सुरुवात हो।

घटना र विचारबाट

# देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ



काठमाडौँ । देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ भएको छ । कृषि विभागले देशभर करिब १० प्रतिशत धान रोपाइँ भएको जनाएको हो । गत वर्षको तुलनामा रोपाइँ ०.४ प्रतिशतले बढेको छ ।

मुलुकभर करिब १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ । यही असार ८ गतेसम्म सबैभन्दा बढी कर्णाली प्रदेशमा २२.८ प्रतिशत र बागमती प्रदेशमा २.३ प्रतिशत रोपाइँ भएको छ ।

मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ ।

विभागका महानिर्देशक प्रकाशकुमार संजेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन । मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । कृषि सूचना केन्द्रले कृषि उत्पादन बढाउन पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि प्रयोग, मनसुनका अवस्थासम्बन्धी जानकारी दिँदै आएको छ ।

# सडक नाटक सम्पन्न




अर्घाखाँची । शीतगंगा नगरपालिकाको आयोजना, दलित चेतना विकास परिषद्को सहजीकरणमा आत्महत्या बालविवाह न्यूनीकरणसम्बन्धी सचेतना तालिम तथा सडक नाटक प्रद्धर्शन कार्यक्रम बुधबार सम्पन्न भएको छ ।

कार्यक्रममा शीतगंगा नगरपालिका वडा नं १३ का अध्यक्ष दुर्गाबहादुर बिसिले समाजमा बढ्दै गएको आत्महत्या तथा बालविवाह न्यूनीकरण अन्त्यका लागि सबैको भूमिका महत्त्वपूर्ण हुने बताएका छन् । बिसिले आफू निर्वाचित भएपछि समाज रूपान्तरण परिवर्तनको लागि विभिन्न सचेतना तालिमसहित बालविवाह न्यूनीकरणका यस्ता कार्यक्रम विभिन्न स्थानमा सञ्चालन गरेको बताउँदै जनचेतनामूलक कार्यक्रमले समाज रूपान्तरण र परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताएका थिए ।

सडक नाटकमा स्थानीय बालबालिकाहरुले अभिनय गरेका थिए । जबसम्म हुँदैन २० वर्ष पूरा तबसम्म नगरौँ विवाहको कुरा, बेटी बचाउ, बेटी पढाउ, छोराछोरी बराबरी बालविवाह अन्त्य गरौँ, बालविवाह जिन्दगी तवाह, बाल विवाह सामाजिक अपराध हो, लगायत नारा लगाएर स्थानीय, विद्यार्थी, प्रहरी, संघसंस्थाका कर्मचारीहरूलगायतको उपस्थितिमा प्रभावकर माध्यमिक विद्यालयमा निकालिएको र्‍यालीसहित समापन भएको थियो ।

कार्यक्रममा वडा सदस्य, समाजसेवी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, स्थानीय अगुवा, बुद्धिजीवी, समाजसेवीलगायतको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा डान्सर तथा कोरियो ग्राफर झविन नेपालीले सडक नाटकले समाजलाई नयाँ दिसामा रूपान्तरण गर्न समाजमा हुने घटनालाई न्यूनीकरण गर्न सहयोग पुग्ने बताएका थिए । पत्रकार अनिल नेपालीको सहजीकरणमा सम्पन्न कार्यक्रममा प्रहरी सहायक निरीक्षक खिमानन्द पराजुलीले प्रशिक्षण दिएका थिए ।

## भूमि ...

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरू धेरै जसो नदीउकास क्षेत्रलगायतका स्थानमा विगत २०/३० वर्षदेखि बसोबास गर्दै आएका हुँदा ऐनको दफा ४१ (क) को (४) अनुसार समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत उप दफा १. को घमा नदी उकास क्षेत्रको नापजाँच गर्दा विशेष गरी तिनाउ नदी क्षेत्रको तिनाउ, दानव करिडोरको मापदण्ड तथा १६/३६ कुलोको मापदण्ड यकिन गरी बाँकी रहेको नदी उकास क्षेत्रको जग्गा नापजाँच गरी लक्षित नागरिकलाई जग्गाको स्वामित्व प्रदान गर्न माग गरिएको छ ।

वास्तविक भूमिहीन दलित, भूमिहीन सुकुम्वासी, विपन्न तथा लामो समयदेखि बसोबास गर्दै आएका अव्यवस्थित बसोवासीको पहिचान निष्पक्ष रूपमा गरी प्राथमिकताका आधारमा जग्गा व्यवस्थापन तथा लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउन माग गरिएको छ । जग्गा नापजाँच, लगत संकलन तथा प्रमाणीकरण प्रक्रियालाई सरल, पारदर्शी र जनमैत्री बनाउन, अनावश्यक ढिलासुस्ती र प्रशासनिक जटिलता हटाउन पनि समितिले माग गरेको छ । स्थानीय तह, सरोकारवाला निकाय तथा भूमिहीन सुकुम्वासी र अव्इवस्थित बसोबासीको प्रतिनिधिमूलक संस्थासँग आवश्यक समन्वय गरी वास्तविक पीडितको तथ्याङ्क अद्यावधिक गर्न माग गरिएको छ ।

यस्तै वन क्षेत्र, सार्वजनिक जग्गा तथा अन्य क्षेत्रको समस्या समाधानका लागि ऐन संशोधन गर्न आवश्यक परेमा सम्बन्धित निकायमा सो कार्यका लागि समन्वय गरी दीर्घकालीन समाधानको बाटो अवलम्बन गर्न माग गरिएको छ । वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकलाई विस्थापन नगरी संविधान र कानूनको मर्मअनुसार उचित व्यवस्थापन, सुरक्षित आवास र स्थायी समाधानको नीति अवलम्बन गर्न, भूमिहीन तथा अव्यवस्थित बसोवासीका समस्या समाधानका क्रममा राजनीतिक, सामाजिक वा अन्य कुनै पूर्वाग्रह नराखी तथ्य, प्रमाण र कानुनी आधारमा निष्पक्ष निर्णय गर्न माग गरिएको छ ।

यस्तै भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासी संरक्षण समितिलाई सरोकारवाला संस्थाको रूपमा समेटी आवश्यक छलफल, सुझाव र सहकार्य गर्न अनुरोध गरिएको छ । यस्तै ऐनको दफा ४१ (क) को (४) अनुसार समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उप दफा १० अनुसार हुने गरि नेपाल सरकारद्वारा प्रस्तावित मोतीपुर औद्योगिक क्षेत्रमा विगत २६ वर्ष देखि बसोबास गरी आएका करिव तीन हजार घरधुरिका बासिन्दाहरुलाई उनिहरुले जोतभोग गरि आएकै स्थानमा नापजाँच गरि जग्गाको स्वामित्व प्रदान गर्न संरक्षण समितिले माग गरेको छ ।

भूमिहीन तथा अव्यवस्थित बसोवासी नागरिकहरूको दशकौं पुरानो समस्या समाधान गर्ने ऐतिहासिक अवसरलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी रुपन्देहीलाई भूमिसम्बन्धी समस्यामुक्त जिल्लाको रूपमा स्थापित गर्न सिडिओ नेतृत्वको समितिले भूमिका निर्वाह गर्ने विश्वास संरक्षण समितिले लिएको समितिका सचिव राजकुमार भट्टराईले बताए । ज्ञापनपत्र बुझाउने कार्यक्रममा संरक्षण समितिका रिसब पोखरेल, तिलोत्तमा नगर समितिका सल्लाहकार डिल्लीराज भण्डारी, संगिता घिमिरे, नरबहादुर खत्री लगायतको सहभागिता रहेको थियो ।

ज्ञापनपत्र बुझेपछि प्रजिअ अर्यालले लगत संकलनका लागि सबै पालिकामा पत्राचार गरिएको, पहिलो चरणमा भुमिहिन दलित र भूमिहीन सुकुम्वासीको पूर्ववर्ति आयोगले गरेको लगत संकलनलाई नै निरन्तरता दिंदै असार २५ गते सम्ममा स्थानीय पालिकाले प्रमाणीकरण गरी पठाउन पत्राचारसहित निर्देशन दिएको समितिलाई जानकारी गराएका थिए । अव्यवस्थितको बसोवासीको हकमा पनि पूर्ववर्ती आयोगले गरेको कार्यलाई निरन्तरता दिने भन्दै यसमा राजस्व बढी भएको गुनासो आएको सिडिओ अर्यालले बताएका थिए ।

**निजी...**

**२८ हजार २३५ भवन, २ लाख कक्षाकोठा**

नेपालका निजी शिक्षण संस्थामा २८ हजार २३५ भवन र झन्डै २ लाख कक्षाकोठा रहेको पाइएको छ । सर्वेक्षण अनुसार देशभरी रहेका १० हजार ४११ शिक्षण संस्थामा औसत २.७ वटा भवन र १७.७ कक्षाकोठा रहेको पाइएको छ ।

यसमध्ये अपांगतामैत्री कक्षाकोठाको संख्या ९ हजार १५ (५ प्रतिशत) र एसीसहितका कक्षा कोठा ७ हजार ३६६ (४ प्रतिशत) रहेको तथ्यांकले देखाएको छ । शिक्षण संस्थामा विद्यार्थीका लागि प्रयोग हुने सवारी साधनको संख्या १६ हजार ३७९ रहेको देखिएको छ ।

देशभरि निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थीले अध्ययन गरिरहेको देखिन्छ । यसमध्ये १० लाख ८० हजार विद्यार्थीले विद्यालयको यातायात सेवा प्रयोग गरेको पाइएको छ । ४६ हजार २ सय विद्यार्थी विद्यालयको छात्राबासमा आवासीय रुपमा बस्ने गरेको पाइएको छ । ४७ हजार ९ सय विद्यार्थी डे बोर्डसमा रही अध्ययन गर्ने गरेको तथ्यांकले देखाएको छ ।

**निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थी**

देशभरी निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थी रहेको देखिएको छ । यसमध्ये पूर्वप्राथमिक तहमा ९ लाख ३२ हजार, आधारभूत शिक्षा (कक्षा १-८ सम्म) १८ लाख ६४ हजार र माध्यामिक तहमा ४ लाख ९१ हजार विद्यार्थी अध्ययनरत रहेको तथ्यांकले देखाएको छ । उच्च शिक्षामा ४ लाख ६६ हजार र प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रिडिप्लोमा तथा डिप्लोमा तहमा जम्मा ३५ हजार ६८८ विद्यार्थी रहेको कार्यालयले जनाएको छ ।

उच्च शिक्षा अध्ययन गर्ने ४ लाख ६६ हजार विद्यार्थीमध्ये २ लाख १४ हजार ९९७ जना अर्थात् करिब ४६ प्रतिशत विद्यार्थी बागमती प्रदेशमा रहेको तथ्यांक छ । संकायगत रुपमा हेर्दा निजी शिक्षण संस्थामा सबैभन्दा धेरै उच्च शिक्षा लिने व्यवस्थापन तथा वाणिज्य संकायमा २ लाख ३६ हजार ५८१ जना विद्यार्थी छन् ।

शिक्षा संकायमा १ लाख १२ हजार ७७६, मानविकी तथा सामाजिक शास्त्रमा ४१ हजार ९, विज्ञान तथा प्रविधि अध्ययन संकायमा ३६ हजार १५९ र इन्जिनियरिङमा २१ हजार ७३९ विद्यार्थी रहेको देखिन्छ ।

**देशभरि १० हजार ४११ निजी शिक्षण संस्था, कुन प्रदेशमा कति ?**

देशभरि १० हजार ४११ निजी शिक्षण संस्था रहेको देखिएको छ । यो संख्या सरकारीबाहेकका निजी, सामुदायिक, गुठीलगायतबाट सञ्चालित विद्यालय, क्याम्पस र प्राविधिक-व्यवसायिक प्रशिक्षण केन्द्रको हो । सर्वेक्षण अनुसार सबैभन्दा धेरै शिक्षण संस्था बागमती प्रदेशमा सञ्चालनमा रहेका छन् । देशभरिका कुल संस्थामध्ये बागमतीमा २ हजार ९०३ अर्थात् २८ प्रतिशत छ ।

कोशीमा १ हजार ९१७, मधेशमा १ हजार ८ सय ९१, लुम्बिनीमा १ हजार ५ सय ५६, सुदूरपश्चिममा ९०७, गण्डकीमा ८६२ र कर्णालीमा सबैभन्दा कम ३७५ शिक्षण संस्था रहेको सर्वेक्षणबाट देखिएको छ ।

तथ्यांक अनुसार यस्ता शिक्षण संस्थामध्ये सबैभन्दा धेरै पूर्वप्राथमिक तथा आधारभूत तहका शिक्षण संस्था सञ्चालनमा छन् । यस्ता संस्थाको संख्या ४ हजार ५२२ (४३ प्रतिशत) रहेको देखिएको छ । माध्यामिक तह ४१ प्रतिशत (४ हजार ३१९) र उच्च शिक्षा प्रदान गर्ने संस्था १२ प्रतिशत (१२ सय ६८) रहेको सर्वेक्षणबाट देखिएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था सबैभन्दा कम ३ प्रतिशत अर्थात् ३०१ वटा रहेको छ ।

**३ लाख ११ हजार रोजगारी, २ लाख बढी शिक्षक**

नेपालका निजी शिक्षण संस्थामा ३ लाखभन्दा बढी व्यक्तिले रोजगारी पाएको देखिएको छ । सर्वेक्षणअनुसार ३ लाख ११ हजार ५१६ जना व्यक्ति संलग्न रहेको देखिएको छ । यो सरकारी शिक्षण संस्थाबाहेकको संख्या हो । यसमध्ये ३ लाख २१ जना तलब/ज्याला पाउने कर्मचारी रहेको देखिएको छ । तलब-ज्याला पाउनेमध्ये २ लाख २१ हजार ५०४ जना शिक्षक र ७८ हजार ५१७ जना गैरशिक्षक कर्मचारी रहेको तथ्यांकबाट देखिएको छ ।

शिक्षण संस्थामा कार्यरत जनशक्तिमध्ये ८१ प्रतिशत पूर्णकालीन र १९ प्रतिशत पार्टटाइमका छन् । गैरशिक्षकतर्फ ९६ प्रतिशत पूर्णकालीन र ४ प्रतिशत पार्टटाइमका कर्मचारी रहेको सर्वेक्षणबाट देखिएको छ । कर्मचारीमध्ये १ लाख ४५ हजार पुरुष र १ लाख ५४ हजार महिला रहेको देखिएको छ । यसरी हेर्दा निजी शिक्षण संस्थामा काम गर्ने कर्मचारीमा महिलाको संख्या अधिक रहेको छ ।

प्रदेशगत रुपमा हेर्दा निजी शिक्षण संस्थाबाट सबैभन्दा बढी बागमती प्रदेशमा १ लाख १७ हजार २२९ जनालाई रोजगारी सिर्जना भएको देखिन्छ । जुन पूर्ण रोजगारीको एक तिहाइभन्दा बढी हो । कोशी प्रदेशमा ४८ हजार ७१०, मधेशमा ४० हजार ३३३, लुम्बिनीमा ४३ हजार १२०, गण्डकीमा २४ हजार ५५८, सुदूरपश्चिमा १८ हजार ७५८ र कर्णालीमा ७ हजार ३१२ रोजगारी सिर्जना शिक्षण संस्थाले गरेका छन् । लैंगिक हिसाबले हेर्दा मधेश बाहेक सबै प्रदेशमा महिला कर्मचारी संख्या पुरुषकोभन्दा अधिक छ ।

**विगो नं. ११३४**

**फाँट–तहसील**

श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको जिल्ला नवलपुर कावासोती नगरपालिका वडा नं. ०२ शान्तिटोल बस्ने जगरनाथ शाहको छोरा नरेश शाह नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद----।

वादी विष्णु प्रसाद अधिकारी र प्रतिवादी तपाई भएको चेक अनादर मुद्दामा कपिलवस्तु जिल्ला अदालतको मिति २०८२।०२।२८ मा वादीले प्रतिवादीबाट साँवा रु.३,००,०००।- र सो को ब्याज पाउने ठहरी फ़ैसला भएकोमा फैसला बमोजिम विगो र अदालती शुल्क भराई पाउँ भनी वादीको दरखास्त परि प्रतिवादी तपाई तपाइँका नाउमा जारी भएको म्याद बेपत्ते तामेल भै बदर भई राष्ट्रियस्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्नु भनी भएको आदेशानुसार प्रस्तुत म्याद प्रकाशित गरिएको छ । अतः म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्रमा कानून बमोजिम आफ्नो लिखत प्रमाण समेत लिई यस अदालतमा आफै वा कानून बमोजिमको वारेश वा कानून व्यवसायी मार्फत् हाजिर हुनुहोला । अदालतमा नआई म्याद गुजारी बसेका मुद्दा कानून बमोजिम भइ जानेछ ।

इति सम्बत २०८३ साल असार महिना ९ गते रोज ०३ मा शुभम्

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको नाममा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८३/०३/११ गते बिहीबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जँहा जे जस्तो अवस्था र परिणाममा छ सोही अवस्था र परिणाममा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म कम्पनी/संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र खरीद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाको हकमा सञ्चालक समितिको निर्णय, अख्तियारी र अन्य आवश्यक अद्यावधिक कागजात सहित यस विकास बैंकको केन्द्रिय कार्यालय बुटवलमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै बोलपत्रदाताहरुले आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम जम्मा गरी त्यसको सक्कल भौचर बोलपत्र साथ संलग्न गरेको हुनु पर्नेछ । बोलपत्र खोलिने मिति, समय र स्थान तथा बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा तोकिए बमोजिम हुनेछन भने बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।

**तपशिल**

**लिलाम बिक्री गरिने सम्पत्तिको विवरण :**
**जग्गाधनीको नाम : शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**

| | |
|---|---|
| १. | भूमि प्रशासन कार्यालय पाल्पामा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला तानसेन गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ८, स्थित कित्ता नं १८६ क्षेत्रफल ०-८-३-१ (रोपनी) र वडा नं/नक्सा सिट नं. ७, स्थित कित्ता नं ८०८ क्षेत्रफल ०-४-२-० (रोपनी) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| २. | भूमि प्रशासन कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला सानोश्री गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ५क, स्थित कित्ता नं ५३१ र ५३५ क्षेत्रफल ०-५-७-० र ०-१-१३-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ३. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला माकर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ४त, स्थित कित्ता नं ९६९ र ९७० क्षेत्रफल क्रमश : ०-०-१८-० र ०-०-४-० (बिघा) र तिलकपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ३ख, स्थित कित्ता नं. ११ क्षेत्रफल ०-४-०-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ४. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला तिलकपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ४क, स्थित कित्ता नं. ५०४ क्षेत्रफल ०-१-०-० (बिघा), वडा नं/नक्सा सिट नं. ३ङ, स्थित कित्ता नं. ४३५ क्षेत्रफल ०-०-६-० (बिघा) र वडा नं/नक्सा सिट नं. ३घ, स्थित कित्ता नं. १०९९ र ८३२ क्षेत्रफल ०-०-१३-० र ०-१-९-२ (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ५. | भूमि प्रशासन कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला मोतिपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ८, स्थित कित्ता नं. १५७७, १५७९ र २२६५ क्षेत्रफल क्रमश : ०-०-६-०, ०-०-३-० र ०-०-२-० (बिघा) र वडा नं/नक्सा सिट नं. ७ज, स्थित कित्ता नं. ५७० क्षेत्रफल ०-१-४-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ६. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला रामनगर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. २ङ, स्थित कित्ता नं. ९९ क्षेत्रफल ०-१-१८-०.७५ (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ७. | भूमि प्रशासन कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैंबु गा.वि.स./न.पा./ वडा नं./नक्सा सिट नं. ४क, स्थित कि.न. १२८८ क्षेत्रफल ०-४-०-० (रोपनी) र भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला परासी गा.वि.स./न.पा./ वडा नं./नक्सा सिट नं. २क, स्थित कि.न. ३०४ क्षेत्रफल ०-६-०-० (बिघा) को घर जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत |
| ८. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला तिलकपुर गा.वि.स. वडा नं. ४ख, स्थित कि.न. ३४२ र ३५२ क्षेत्रफल १-०-० र ०-२-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत । |
| ९. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी (ब.सु.प.) तिलकपुर गा.वि.स. वडा नं. १क, स्थित कि.न. २२४ क्षेत्रफल ०-२-१.७५-० (बिघा) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत । |
| १०. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला दाउन्नेदेवी गा.बि.स. वडा न. ४ख स्थित कि.न ७७९ क्षेत्रफल ०-४-०-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत । |
| ११. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला दाउन्ने देवी गा.वि.स. वडा नं. ४क स्थित कि.न. १२३९ क्षेत्रफल ०-०-७-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत । |
| १२. | भूमि प्रशासन कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सेमलार गा.वि.स. वडा नं. २ख, स्थित कि.न. २५६३ क्षेत्रफल ०-०-११.५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत |
| १३. | भूमि प्रशासन कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला खैरापुर गा.वि.स वडा न. ०३ स्थित कि.न ११४१ र ११४९ क्षेत्रफल ०-१-१७-० र ०-१०-०-०(बिघा), बर्दिया जिल्ला ताराताल गा.वि.स वडा न. ९ग स्थित कि.न ५७८ क्षेत्रफल ०-१३-०-० (बिघा), बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा न. १ ङ र छ स्थित कि.न ५७१ र २६३ क्षेत्रफल क्रमशः ०-१०-०-० र ०-८-१५-० (बिघा) र बर्दिया जिल्ला सानो श्री गा.वि.स वडा न. ५क स्थित कि.न १२५७ क्षेत्रफल ०-१०-०.२५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत । |

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ड्रागन फ्रुट संकलनः**
दाङको घोराही उप-महानगरपालिका-८ सेवारस्थित बिहानी बहुद्देशीय कृषि तथा पशुपन्छी फार्ममा बजार पठाउनका लागि पाकेका ड्रागन फ्रुट सङ्कलन गर्दै कृषक। व्यावसायिक रूपमा गरिएको यस खेतीबाट उत्पादन भएका फल दाङसहित विभिन्न जिल्लाका बजारमा बिक्रीका लागि पठाइने गरिएको फार्मका सञ्चालक शोभाराम डाँगीले बताए। तस्विरः रासस

# लुम्बिनी सिटी कलेजमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न



बुटवल । लुम्बिनी सिटी कलेजमा बुधबार वार्षिकोत्सव तथा पुरस्कार वितरण सम्पन्न भएको छ। होटेल पौवा योगीकुटीमा सञ्चालन गरिएको उक्त कार्यक्रममा बि.एस.सी. सी.एस.आइ.टी., बि.सि.ए. तथा बि.आइ.टी.एम.का सबै सेमेस्टरका विद्यार्थीहरूले विविध विधामा खेलकूद सप्ताह, वार्षिक परीक्षा, विभिन्न अतिरिक्त क्रियाकलापको प्रतियोगिता तथा ह्याकाथोन प्रतियोगितामा राष्ट्रियस्तरमा विजेता भई प्राप्त गरेको उत्कृष्ट उपलब्धिहरुको सम्मानका लागि उक्त कार्यक्रमको आयोजना गरेर पुरस्कार वितरण समारोह उत्साहपूर्वक सम्पन्न गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि तिलोत्तमा नगरपालिका वडा नं.३ का प्रमुख कल्याण पौडेलले आइटी पढ्ने विद्यार्थीहरुको तिलोत्तमा नगरपालिकाले नगर सेवामा सहयोग लिनका साथै उनीहरुको दक्षताको सम्मान गरी रोजगारीका अवसर उत्पादन गर्न सहयोग गर्ने तथा विभिन्न आइटीसम्बन्धी प्रतियोगिताका लागि विद्यार्थीहरुलाई सहयोग गर्ने जनाए।

कार्यक्रममा स्नातकस्तरका विद्यार्थीहरुको मनोबल बढाउन विशिष्ट अतिथि शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकका एचआर हेड प्रवेश रायले नेपालको स्नातकस्तरका आइटी पढ्ने विद्यार्थीहरुको बजारअनुसारको सीपको क्षमतालाई निखार्ने उपायहरु सिकाउनुका साथै मनोरञ्जनात्मक क्रियाकलाप गराउँदै उत्साहपूर्ण सहभागिता गराएका थिए।

कार्यक्रममा लुम्बिनी सिटी कलेजका अध्यक्ष तथा क्याम्पस प्रमुख प्रा.डा.गणेशप्रसाद पाठकले विद्यार्थीहरुमा आइटी क्षेत्रको बजार अनुसारको सीपको विकास गर्नमा र सोअनुसार विद्यार्थीहरूलाई बजारमा आइटी क्षेत्रको पेशामा सम्मिलित गराउन कलेज व्यवस्थापन तथा प्रशासनले सदैव तत्पर रहने बताए। साथै यस कलेजले पठनपाठन मात्र नभएर विद्यार्थीहरुको व्यक्तिगत, व्यवहारिक, व्यवसायिक तथा व्यक्तित्वको विकास गर्न आवश्यक पर्ने सबै कदम चाल्न कलेज सधैं तत्पर रहेको उनले जनाए।

स.क्याम्पस प्रमुख नारायणप्रसाद भुसालले कलेजले विद्यार्थीहरुमा आपसी सहकार्य गरी विभिन्न आइटी प्रोजेक्टहरुमा काम गर्न, प्राविधिक र रोजगारदाता अन्य कम्पनीहरूसँग सहकार्य गरेर बजारअनुसार दक्ष प्राविधिक जनशक्ति तैयार गर्न तथा रोजगारी, स्वरोजगारी तथा उद्यमशिलताको लागि विद्यार्थीहरुलाई विभिन्न सीपमूलक तालिममा सहभागी बनाउन लुम्बिनी सिटी कलेज सदैब तत्पर रहने प्रतिबद्ध रहेको जानकारी दिए।

उक्त कार्यक्रममा लुम्बिनी सिटी कलेजका बि.सि.ए.तथा बि.आइ.टी.एम. कार्यक्रम संयोजक विशाल कंडेल र बि.एस.सी. सी.एस.आइ.टी.कार्यक्रम संयोजक सुजन ढकालको समन्वय तथा व्यवस्थापन तथा कक्षा प्रतिनिधिहरूको सहयोगमा उत्साहपूर्ण रुपमा सम्पन्न भएको हो।

# सुशासनको नारा दिनेहरूबाट मन्त्रालयमा सल्लाहकार-पीएको फौज खडा : पोखरेल



बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले, रास्वपाले निर्वाचनका बेला गरेको मितव्ययिता र सुशासनको प्रतिबद्धताविपरीत व्यवहार गरेको आरोप लगाएका छन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत् पोखरेलले नयाँ शक्तिका रूपमा उदाएको दल सत्तामा पुगेपछि सल्लाहकार र व्यक्तिगत सहायक (पीए) हरूको ठूलो समूह खडा गरेको भन्दै आलोचना गरेका हुन्।

उनले निर्वाचनका बेला राज्यकोषको दोहन रोक्ने, राज्यका निकायलाई राजनीतिक प्रभावबाट मुक्त गर्ने तथा सुशासन कायम गर्ने प्रतिबद्धता जनाएर जनताको मत प्राप्त गरे पनि व्यवहारमा त्यसको उल्टो भइरहेको दाबी गरेका छन्।

पोखरेलले हरेक मन्त्रालयमा समानान्तर शक्तिकेन्द्र निर्माण गर्न कार्यकर्ता भर्ती गर्ने प्रवृत्ति देखिएको आरोप लगाउँदै परिवर्तन र सुशासनको आशामा रास्वपालाई मत दिएका नागरिकले अहिले कस्तो महसुस गरिरहेका होलान् भन्ने प्रश्न गरेका छन्।

पोखरेलले भनेका छन्- 'आम जनताको भरोसामाथिको योभन्दा ठूलो भद्दा मजाक अर्को के हुन सक्छ ?' पोखरेलले स्वेच्छाचारी व्यवहारले जनतालाई निराश नबनाउन र निर्वाचनका बेला गरेका वाचातर्फ फर्किन आग्रह गरेका छन्।

# बुटवल सोफा एन्ड फर्निचर हब सञ्चालन



बुटवल । नेपालमा सोफा तथा फर्निचर उद्योगमा विश्वास जित्न सफल भएको एक व्यावसायिक समूहले बुटवलमा नयाँ शोरुम सञ्चालन गरेको छ।

काठमाडौंमा उत्पादित सोफासहितका फर्निसिङ सामग्री बुटवलमा समेत उपलब्ध गराउने उद्देश्यले शोरुम सञ्चालन गरिएको सञ्चालकहरुले बताएका छन्। बुटवल कालिकानगर ( कालिका मानवज्ञान मावि नजिकै )मा सञ्चालन गरिएको बुटवल सोफा एन्ड फर्निचर हबको बुधबार एक कार्यक्रमबिच रुपन्देही उद्योग संघका अध्यक्ष कृष्ण पराजुलीले सुभारम्भ गरेका हुन्। सो अवसरमा उनले फर्निचर क्षेत्रमा बुटवल अगाडि बढेको बताउँदै व्यवसायिक सफलताको शुभकामना दिए।

यो सातौं व्यवसायिक प्रतीष्ठान हो। काठमाडौंमा २ स्थानमा, चितवन, नवलपरासीको कावासोती र बुटवलको २ स्थानमा यो व्यवसायिक समूहले शोरुम सञ्चालन गरिसकेको छ। 'कालिकानगरको बुटवल सोफा एन्ड फर्निचर हब सातौं प्रतीष्ठान हो,' सञचालक बाबुराम देवकोटाले भने-'काठमाडौंको हाम्रो उत्पादन देश भरि पुर्याउने र ग्राहकको चाहना तथा आवश्यकतालाई पुरा गर्ने उदेश्य रहेको छ।'

अन्य शाखा प्रतिष्ठानको सफलतापछि उत्साहित उक्त समूहले बुटवलको कालिकानगरमा शोरुम सञ्चालनमा ल्याएकाले रोजी रोजी फर्निचरको सामान खरिद गर्ने उपभोक्ताको चाहना पूरा भएको छ।

हबले साल, सिसौबाट बनेका उच्च गुणस्तरीय फर्निचर सामग्रीका साथै सस्तो तर टिकाउ हुने फर्निचरका सामग्री समेत उपलब्ध गराउने जनाएको छ। 'मूल्य र क्वालीटिमा फरक पर्दैन, ग्राहकलाई रित्तो हात फर्काउँदैनौ,' अर्का सञ्चालक महेश देवकोटाले भने-'क्वालीटिअनुसारको मूल्य छ ,अरु फर्निचर उद्योगले भन्दा कम मूल्यमा शोफा र अन्य फर्निचरका सामान दिन्छौं।' हबले शोरुम ओपनिङको अवसरमा अफर समेत ल्याएको छ। सुरुमा १ लाखसम्मका फर्निचरका सामान खरिद गर्ने २० जना ग्राहकलाई १० हजार बराबरको उपहार प्रदान गर्ने सञ्चालक देबकोटाले बताए। उपहारको सट्टा नगदी छुट समेत लिन सकिने छ। बुटवल सोफा एन्ड फर्निचर हबले फ्री होम डेलिभरीका साथै घर र रुम सुहाउँदो फिनिसिङसहित फर्निसिङका सम्पूर्ण सेवा प्रदान गर्ने जनाएको छ।

# बेलबासमा ४० लाख लगानीमा 'निदान डेन्टल क्लिनिक'

## गुणस्तरीय दन्त सेवामार्फत् ग्रामीण क्षेत्रलाई राहत दिने प्रतिबद्धता




बुटवल । दाँत तथा मुख स्वास्थ्यसम्बन्धी समस्या बढ्दो क्रममा रहेको अवस्थामा बुटवल-१३ बेलबासमा 'निदान डेन्टल क्लिनिक'को नयाँ शाखा सञ्चालनमा आएको छ। अर्घाखाँचीको सन्धिखर्क र कपिलवस्तुको चन्द्रौटामा सेवा दिँदै आएको क्लिनिकले बुधबारदेखि बुटवलमा पनि सेवा विस्तार गरेको हो। नागरिकलाई गुणस्तरीय, आधुनिक र सहज दन्त उपचार सेवा उपलब्ध गराउने उद्देश्यले बुटवलमा शाखा विस्तार गरिएको क्लिनिकले जनाएको छ।

क्लिनिकको उद्घाटन लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री तथा प्रदेश सरकारका प्रवक्ता रामजीप्रसाद घिमिरेले गरेका हुन्। उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री घिमिरेले स्वास्थ्य क्षेत्र नाफाभन्दा सेवामुखी हुनुपर्ने उल्लेख गर्दै निजी स्वास्थ्य संस्थाहरूले नागरिकको स्वास्थ्यलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए।

मन्त्री घिमिरेले स्वास्थ्य क्षेत्र सेवामूलक कम नाफा र व्यवसायमूलक ज्यादा रहेको गुनासाहरुलाई मध्यनजर गर्दै त्यस्ता गुनासा आउन नदिनेगरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए। उनले आधुनिक प्रविधिको प्रयोगमार्फत् उपचारलाई थप गुणस्तरीय, विश्वसनीय र सर्वसुलभ बनाउन आग्रह गरे। प्रदेश सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै स्वास्थ्य सेवा विस्तारमा प्रतिबद्ध रहेको उल्लेख गर्दै नीतिगत समस्या भए समाधानका लागि पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गरे। उद्घाटनकै अवसरमा मन्त्री घिमिरेले दाँतको स्वास्थ्य परीक्षण गराउँदै नियमित मुख तथा दन्त स्वास्थ्य परीक्षणको महत्वबारे समेत सन्देश दिएका थिए।

**आधुनिक प्रविधिसहित दन्त सेवा**

क्लिनिकका डेन्टल सर्जन हेमराज गैरेका अनुसार बेलबास शाखामा दाँतसम्बन्धी अधिकांश उपचार सेवा उपलब्ध हुनेछ। यहाँ डिजिटल एक्स-रे (आरभीजी), दाँत सफा गर्ने (स्केलिङ), कम्पोजिट फिलिङ, रुट क्यानल उपचार (आरसीटी), सामान्य तथा शल्यक्रियामार्फत् दाँत निकाल्ने, कृत्रिम दाँत जडान गर्ने, स्थायी दाँत राख्ने, बालबालिकाको दन्त उपचार तथा ब्रेसेससम्बन्धी परामर्श सेवा उपलब्ध रहनेछ।

क्लिनिक परिसरमा राखिएको नागरिक बडापत्रअनुसार दन्त परीक्षण तथा परामर्श सेवा निःशुल्क प्रदान गरिनेछ भने डिजिटल एक्स-रे, स्केलिङ, फिलिङ, आरसीटी र अन्य सेवाका लागि तोकिएको शुल्कका आधारमा सेवा उपलब्ध हुनेछ। क्लिनिक दैनिक बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुनेछ।

क्लिनिकका सञ्चालक तथा युवा उद्यमी बाबुराम पोखरेलले आधुनिक उपकरण र दक्ष जनशक्तिको माध्यमबाट सेवा सञ्चालन गरिने बताए। उनले उपचारसँगै बिरामीलाई दन्त स्वास्थ्यबारे सचेतना दिने कार्यक्रमसमेत सञ्चालन गरिने जानकारी दिए। शुभारम्भ भएको एक सातासम्म विभिन्न प्याकेजमा निःशुल्क सेवाको समेत प्रबन्ध गरिएको उनले बताए।

# पतिको कुटाईबाट पत्नीको मृत्यु



गुल्मी। गुल्मीको इस्मा गाउँपालिका-५ रातामाटामा श्रीमानको कुटपिटबाट एक महिलाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार स्थानीय ४१ वर्षीय यमबहादुर कुमालले आफ्नी ३७ वर्षीया श्रीमती मुना कुमाललाई दाउराको चिर्पटले प्रहार गरी कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक (एसपी ) भीम किरण बोगटीले बताए।

कुटपिटबाट गम्भीर घाइते भएकी मुना अचेत अवस्थामा पुगेकी थिइन्। घटनाबारे जानकारी प्राप्त हुनासाथ अस्थायी प्रहरी पोस्ट धनार्जेबाट प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरीले घाइते महिलालाई तत्काल उपचारका लागि जिल्ला अस्पताल तम्घास पठाएको थियो। उपचारकै क्रममा बुधबार बिहान चिकित्सकले मुना कुमाललाई मृत घोषणा गरेका हुन्।

घटनामा संलग्न यमबहादुर कुमाललाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक विवेक घलेको कमाण्डमा टोली खटिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा यमबहादुरले मदिरा सेवन गरेको अवस्थामा श्रीमतीमाथि कुटपिट गरेको खुलेको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको छ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com